# पशु विकास सम्वन्धि अनुसन्धानात्मक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

मिति २०७६/१०/१७ गतेको माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

गण्डकी प्रदेश

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

# पशु विकास सम्वन्धि अनुसन्धानात्मक कार्यक्रम कार्यान्वयन कार्यविधि
## २०७६

**प्रस्तावना**

गण्डकी प्रदेशमा पालन गरिने विभिन्न जातका पशुको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि अनुसन्धानात्मक कार्यक्रमहरु गराउन वान्छनीय भएकोले अनुसन्धान सम्वन्धि वार्षिक स्वीकृत कार्यक्रम संचालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो कार्यविधि जारी गरेको छ।

१. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ।

ख) "कार्यालय" भन्नाले कार्यक्रम संचालनको अख्तियारी प्राप्त कार्यालयलाई सम्झनु पर्दछ।

ग) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ।

घ) "कार्यक्रम" भन्नाले पशु बिकास सम्वन्धि अनुसन्धानात्मक कार्यक्रम सम्झनु पर्दछ। यस कार्यक्रम अन्तर्गत पशु पोषण, पशु स्वास्थ्य, व्यवस्थापन, नश्ल सुधार र सामाजिक-आर्थिक प्रभाव ( Nutrition, Health, Husbandry Practices, Breeding and Socio-economic Impact) जस्ता ५ विधामा अनुसन्धान संचालन गर्न सकिने सम्झनु पर्दछ।

ङ) "अनुसन्धानकर्ता" भन्नाले कार्यक्रममा रहेका विषयमा प्रस्ताव पेश गर्ने अनुसन्धानकर्ता व्यक्ति वा संस्था वा परामर्शदाता संघ/संस्था भन्ने सम्झनु पर्दछ।

च) "समिक्षक" भन्नाले यस कार्यक्रम अन्तर्गत प्राप्त भएका प्रस्तावलाई समिक्षा गरि अंक प्रदान गर्ने समिक्षक सम्झनु पर्दछ।

छ) "पशु" भन्नाले गाई, भैंसी, भेंडा, बाख्रा, बंगुर, पोल्ट्री, घोडा र माछाका प्रजातीहरु सम्झनु पर्दछ।

२. **उद्देश्यः**

क) गण्डकी प्रदेशमा भइरहेको पशु पालनका टेवा पुर्याउने जस्ता विषयमा नविनतम अनुसन्धान गरि सो को उपलब्धी वारे कृषकलाई तालिम तथा प्रसार मार्फत जानकारी गराउने र अंगिकार गर्न प्रोत्साहित गराउने।

ख) आयातित वा स्थानिय पशुमा रहेको समस्याहरु पहिचान गरि निराकरणका उपायहरु पहिचान गर्नु।

परिच्छेद १

कार्यक्रम कार्यान्वयन

३. **समिक्षक सम्वन्धि व्यवस्थाः**

(१) कार्यालयले स्वीकृत कार्यक्रमका लागि अनुसूची-१ वमोजिम १५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिकमा प्रकाशन गरि इच्छुक समिक्षकहरुवाट आवेदन ( Expression of Interest) माग गर्नेछ ।

(२) दफा ६(१) अनुसारको छनौट सिफारिस समितिले प्राप्त आसयपत्रलाई शैक्षिक योग्यता, विषयवस्तुसँगको सम्वद्धता, शैक्षिक तथा अनुसन्धानमा रहेको अनुभवको आधारमा श्रेणिकरण गरि

सचिव

छनौटका लागि प्रत्येक विधामा कम्तिमा [illegible]के समिक्षकको नामावली प्रमुख समक्ष सिफारिस गर्नु पर्नेछ।

(३) समिक्षकको अन्तिम छनौट कार्यालय प्रमुखले गर्नु पर्नेछ।

(४) छनौट भएका समिक्षकसँग कार्यालयले अनुसूचि-२ वमोजिम सम्झौता गर्नु पर्नेछ ।

(५) समिक्षकले आफू स्वयं सक्रिय/निस्कृय रुपमा लाग्ने प्रस्ताव समिक्षा गर्न पाउने छैनन्।

(६) दफा ३(५) को व्यवस्था उल्लङ्घन भएमा समिक्षकलाई समिक्षक पदबाट हटाइने छ। तर समिक्षक पदबाट हटाउनुपूर्व निजलाई स्पष्टीकरणको एक मौका प्रदान गरिने छ ।

४.<u>कार्यक्रम संचालन प्रक्रिया</u>:

(१) कार्यालयले पशु विकास सम्वन्धि अनुसन्धान कार्यक्रम संचालन गर्नका लागि अनुसूची-३ को ढाँचामा राष्ट्रिय दैनिक पत्रिकामा ३० दिने सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ।यस्तो सूचना सम्बन्धित कार्यालयको सूचना पाटी र कार्यालयको वेबसाईटमा समेत प्रकाशित गर्नु पर्नेछ ।

(२) प्रस्तावकले पशु नश्ल सुधार, पशु पोषण, पशु स्वास्थ्य, पशु व्यवस्थापन र सामाजिक-आर्थिक प्रभाव जस्ता ५ विधामा अनुसन्धानका कार्य संचालन गर्न सक्नेछन्।

(३) प्रस्तावकले अनुसूचि-४ वमोजिमको निवेदनका साथ अनुसूचि-५ र ६ को ढाँचामा तयार गरेको प्राविधिक र आर्थिक प्रस्तावहरु कार्यालायमा पेश गर्नुपर्ने छ। प्रस्ताव पेश गर्दा प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टा छुट्टै पेश गर्नु पर्नेछ।

(४) छनौट स्वीकृत भएका प्रस्तावका प्रस्तावकले सम्झौता गर्न सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र कार्यालयमा सम्पर्क गरिसक्नु पर्नेछ।

(५) कार्यालयले छनौट स्वीकृत भएको प्रस्तावकसँग अनुसूचि-७ वमोजिम सम्झौता गर्नेछ।

परिच्छेद २

प्रस्ताव सम्वन्धमा

५. <u>प्रस्ताव मुल्याङ्कन</u>:

(१) प्रस्ताव मुल्याङ्कन गर्दा प्राविधिक प्रस्तावलाई ७०% र आर्थिक प्रस्तावलाई ३०% अंकभार छुटयाइ मुल्याङ्कन गर्नु पर्नेछ।

(२) प्राविधिक प्रस्तावहरुको कोडिङ गरि छनौट भएका समिक्षकहरुलाई १५ दिनको समय दिई मुल्याङ्कनका लागि उपलब्ध गराउनु पर्नेछ।

(३) समिक्षकहरुले अनुसूचि-८ बमोजिम प्राविधिक प्रस्ताव मुल्याङ्कन गरि प्रस्तावहरुको अंकभार सहित छनौट समितिलाई पेश गर्नु पर्नेछ ।

(४) आर्थिक प्रस्ताव मुल्याङ्कन गर्न कार्यालयमा आर्थिक प्रस्ताव मुल्याङ्कन समिति गठन गर्नु पर्नेछ। आर्थिक प्रस्ताव मुल्याङ्कन समिति निम्नानुसार रहने छ ।

**आर्थिक प्रस्ताव मूल्याङ्कन समितिः**

- शाखा प्रमुख, पशु स्वास्थ्य तथा इपिडिमियोलोजी नियमन शाखा, निर्देशनालय — संयोजक
- शाखा प्रमुख, मत्स्य विकास शाखा, निर्देशनालय — सदस्य
- पशु चिकित्सक वा पशु विकास अधिकृत, पशुपन्छी विकास महाशाखा, मन्त्रालय — सदस्य
- पशु चिकित्सक वा पशु विकास अधिकृत, पशु उत्पादन तथा बजार व्यवस्थापन

सचिव

शाखा, निर्देशनालय सदस्य

- लेखा अधिकृत, लेखा शाखा, निर्देशनालय सदस्य सचिव

(५) आर्थिक प्रस्ताव मूल्याङ्कन समितिले अनुसूचि-९ बमोजिम आर्थिक प्रस्ताव मूल्याङ्कन गरि प्रस्तावहरुको अंकभार सहित छनौट समितिलाई पेश गर्नु पर्नेछ।

६.छनौट सिफारिस समितिः

(१) मूल्याङ्कन भई प्राप्त भएको प्राविधिक र आर्थिक प्रस्तावहरुले प्राप्त गरेको एकमुष्ट अंकको आधारमा प्रस्तावकहरुको योग्यताक्रम निर्धारण गरि छनौटका लागि कार्यालय प्रमुख समक्ष सिफारिस गर्न र कार्यालयमा देहाय वमोजिम छनौट सिफारिस समिति रहनेछ।

- शाखा प्रमुख, पशु स्वास्थ्य तथा इपिडिमियोलोजि नियमन शाखा संयोजक
- शाखा प्रमुख, मत्स्य विकास शाखा, निर्देशनालय सदस्य
- मन्त्रालयको अधिकृत प्रतिनिधि, पशुपन्छी विकास महाशाखा सदस्य
- प्राविधिक अधिकृत, निर्देशनालय सदस्य
- पशु चिकित्सक, पशु उत्पादन तथा बजार व्यवस्थापन शाखा सदस्य सचिव

(२) छनौट सिफारिस समितिले समिक्षक छनौटका लागि समेत प्रमुख समक्ष सिफारिस गर्नु पर्नेछ ।

परिच्छेद ३

आर्थिक पक्ष

७.मानदेयः

(१) कार्यक्रमको लेखा, लेखांकन, लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा विद्यमान आर्थिक ऐन, नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गरिने छ।

(२) समिक्षकले प्रस्ताव समिक्षा गरे वापत मानदेय (honorarium) प्राप्त गर्नेछन्। एक प्रस्ताव समिक्षा गरे वापत रु ३५००/- मानदेयको रुपमा प्रदान गरिनेछ।

८. रकम भुक्तानीः कार्यसम्पादन प्रतिवेदन तथा बिल भरपाईको आधारमा कार्यालायले अनुसन्धानकर्तालाई बढीमा २ किस्तामा रकम भुक्तानी दिन सक्नेछ ।

परिच्छेद ४

विविध

९. प्रस्तावकको पहिचान खुल्न नहुनेः

(१) प्रस्तावकले पेश गरेको प्राविधिक प्रस्तावहरुमा प्रस्तावकको पहिचान नखुलेको हुनु पर्नेछ। प्रस्तावकको पहिचान खुलेको प्राविधिक प्रस्ताव स्वतः रद्द हुनेछ।

(२) कारणवस समिक्षक समक्ष कुनै प्रस्तावकको पहिचान खुल्न गएमा समिक्षकले सो प्रस्ताव समिक्षा नगरिकनै कार्यालयमा फिर्ता पठाउनु पर्नेछ।

(३) पहिचान खुलेको प्रस्ताव फिर्ता नगरेमा निजलाई समिक्षकबाट हटाइने छ ।

१०. प्रतिवेदन सम्बन्धी व्यवस्थाः प्रस्ताव अनुरुप कार्य सम्पन्न गरे पश्चात अनुसन्धानको पूर्ण प्रतिवेदन र तथ्याङ्क अनुसन्धानकर्ताले कार्यालयमा असार ७ गते सम्ममा पेश गर्नु पर्नेछ।

सचिव

११. <u>अनुगमन तथा मूल्याङ्कन:</u> यस कार्यविधि बमोजिम भए गरेका कार्यहरुको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले गर्नेछ।

१२. <u>कार्यविधिको संशोधन तथा व्याख्या:</u> (१) यो कार्यविधिको व्यवस्थित र प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयले आवश्यकता अनुसार थपघट र परिमार्जन गर्न सक्नेछ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा, अडकाउ र अस्पष्टता आएमा त्यस्तो बाधा, अडकाउ फुकाउने कार्य मन्त्रालयले गर्नेछ र मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

१३. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस कार्यविधिमा लेखिएका कुरा यसै कार्यविधि बमोजिम र अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ। यस कार्यविधिमा लेखिएका कुराहरू प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

सचिव

## समिक्षकबाट आवेदन (Expression of Interest EOI) को सूचनाको ढाँचा

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

गण्डकी प्रदेश

पशुपन्छी तथा मत्स्य बिकास निर्देशनालय/ भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्र................

**समिक्षकबाट आवेदन (Expression of Interest EOI) को सूचना**

प्रथम पटक प्रकाशित मितिः......................

यस कार्यालयको आ.व. २०...../ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशु बिकास सम्वन्धी अनुसन्धानात्मक कार्यक्रम पशुपालन सम्बन्धी पाँच विद्याहरुमा { पशु पोषण, पशु स्वास्थ्य, व्यवसस्थापन, नश्ल सुधार र सामाजिक-आर्थिक प्रभाव ( Nutrition, Health, Husbandry Practices, Breeding and Socio-economic Impact)} संचालन गर्ने रहेको र सो विषयहरुमा पर्नजाने आवेदनहरुको समिक्षा गर्न जरुरी हुने हुँदा इच्छुक समिक्षकले पशु विकासका उपरोक्त विद्याहरुमा समिक्षा गर्नका लागि इच्छा जाहेर गर्नकाका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र **EOI** पेश गर्नुपर्ने छ ।

पुनश्चः आवेदनकासाथ संलग्न राख्नुपर्ने कागजातहरुः

१. निवेदन

२. समिक्षकको करिकुलम भिटे (आफ्नो दक्षताको विषय स्पष्टहुने गरि )

३. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, आदि ) का प्रतिलिपीहरु

आर्थिक तथा प्राविधिक प्रस्तावका ढाँचा र कार्यक्रम वारे कार्यविधि पशुपन्छी तथा मत्स्य बिकास निर्देशनालय तथा मन्त्रालयको वेबसाइट www.dlfdgandaki.gov.np र www.molmac.p4.gov.np बाट डाउनलोड गर्न सकिने छ ।थप जानकारीका लागि निर्देशनालयको नंवर ०६१-५२०४५४ मा सम्पर्क गर्नहुन अनुरोध छ ।

सचिव

अनुसूची २

समिक्षकसंग गरिने सम्झौता पत्रको ढाँचा

यस.......................................कार्यालय वाट संचालन गरिने चालु आ.व. .............. को स्वीकृत पशु बिकास सम्वन्धी अनुसन्धानात्मक कार्यक्रम संचालन अन्तर्गत ..................................................... कार्यालय(यस भन्दा पछाडी पहिलो पक्ष भनिने) र छनौट भएका समिक्षक.................................. (यस भन्दा पछाडी दोस्रो पक्ष भनिने) विच तपसिलका शर्तनामाहरुको अधिनमा रहि समिक्षात्मक कार्य सम्पन्न गर्न तपसिल अनुसार शर्त पालना गर्ने गरी द्विपक्षीय सम्झौता भएको छ ।

तपसिल

१. पहिलो पक्षले दोस्रो पक्षलाई सम्झौता भए अनुसार समिक्षा कार्य सम्पन्न भएपछि बढीमा २ किस्तामा दोस्रो पक्षको खातामा समिक्षा गरे वापतको मानदेय उपलब्ध गराउने छ ।

२. दोस्रो पक्षले यस कार्यविधिमा भए अनुसार प्राप्त आवेदनको मुल्याङ्कन कार्य गर्नुपर्नेछ ।

३. कार्यविधिमा उल्लेख भए बमोजिम गोपनियता कायम गरि दोस्रो पक्षले समिक्षा गर्नुपर्ने छ ।

४. दोस्रो पक्षले ले समिक्षा पश्चात प्रसतावहरु कार्यालयमा १५ दिनभित्र उपलब्ध गराउनु पर्ने छ ।

८. यस सम्झौतामा उल्लेखित कार्य गर्दा परि आउन सक्ने कुनैपनि भवितव्यको पुर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयम् हुनेछ ।

९. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षः | दोस्रो पक्षः |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको नामः | संस्थाको नामः * |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः * |

*लागु हुने खण्डमा

अनुसूची ३

**प्रस्ताव आव्हानको सूचनाको ढाँचा**

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

गण्डकी प्रदेश

पशुपन्छी तथा मत्स्य बिकास निर्देशनालय/ भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्र................

**प्रस्ताव आव्हान सम्वन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः......................**

यस कार्यालयको आ.व. २०...../ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशु बिकास सम्वन्धी अनुसन्धानात्मक कार्यक्रम संचालन रहेको हुंदा इच्छुक प्रसतावक/प्रस्तावकहरुले स्वयं वा समूहको तर्फबाट पशु विकासका निम्न विद्याहरुमा एकल/संयुक्त प्रस्ताव आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचा अनुसारको प्रस्ताव पेश गर्नुपर्ने छ ।

अनुसन्धानका विद्याहरुः पशु पोषण, पशु स्वास्थ्य, व्यवसस्थापन, नश्ल सुधार र सामाजिक-आर्थिक प्रभाव ( Nutrition, Health, Husbandry Practices, Breeding and Socio-economic Impact)

पुनश्चः आवेदनकासाथ संलग्न राख्नुपर्ने कागजातहरुः

१. निवेदन

२. अनुसूची ५ अनुसारको प्राविधिक प्रस्ताव

२. अनुसूची ६ अनुसारको आर्थिक प्रस्ताव

३. प्रस्तावक/हरुको करिकुलम भिटे

४. कन्सलटेन्सीको हकमा दर्ता, नविकरण, कर चुक्ता प्रमाणपत्र

५. PAN दर्ता प्रमाणपत्र

८. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, आदि ) का प्रतिलिपीहरु

आर्थिक तथा प्राविधिक प्रस्तावका ढाँचा र कार्यक्रम वारे कार्यविधि पशुपन्छी तथा मत्स्य बिकास निर्देशनालय तथा मन्त्रालयको वेबसाइट www.dlfdgandaki.gov.np र www.molmac.p4.gov.np बाट डाउनलोड गर्न सकिने छ ।थप जानकारीका लागि निर्देशनालयको नंवर ०६१-५२०४५४ मा सम्पर्क गर्नहुन अनुरोध छ ।

अनुसूची ४

## प्रस्तावकसंग अनुसन्धानका लागि गरिने सम्झौता पत्रको ढाँचा

यस.........................................कार्यालय वाट संचालन गरिने चालु आ.व. .............. को स्वीकृत पशु बिकास सम्वन्धी अनुसन्धानात्मक कार्यक्रम संचालन अन्तर्गत ................................................... कार्यालय(यस भन्दा पछाडी पहिलो पक्ष भनिने) र छनौट भएका प्रस्तावक .................................... (यस भन्दा पछाडी दोस्रो पक्ष भनिने) विच तपसिलका शर्तनामाहरुको अधिनमा रहि अनुसन्धानात्मक कार्य सम्पन्न गर्न तपसिल अनुसार शर्त पालना गर्ने गरी द्विपक्षीय सम्झौता भएको छ ।

तपसिल

१. पहिलो पक्षले दोस्रो पक्षलाई प्रस्तावमा प्रस्तावित भए अनुसार कार्य सम्पन्न भएपछि बढीमा २ किस्तामा दोस्रो पक्षको खातामा अनुदान रकम उपलब्ध गराउने छ ।

२. परियोजनामा प्रस्तावित भए अनुसार कार्य गरे नगरेको बारे बीच-बीचमा पहिलो पक्षले सूपरिवेक्षण गरी दिएको सुझाव अनुसार दोस्रो पक्षले कार्य गर्नुपर्नेछ ।

३. दोस्रो पक्षले अनुसन्धानका क्रममा संकलन गरेको विवरण, तथ्याङ्क र अन्य सम्वन्धित विवरणहरु कार्यालयलाई समेत उपलब्ध गराउनु पर्ने छ ।

४. अनुसन्धान समाप्ति पश्चात अन्तिम रिपोर्ट सहित दोस्रो पक्षले असार महिनाको ७ गते भित्र विल भरपाई पेश गरिसक्नुपर्ने छ ।यसो नगरेका खण्डमा रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन ।

८. यस सम्झौतामा उल्लेखित कार्य गर्दा परि आउन सक्ने कुनैपनि भवितव्यको पुर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयम् हुनेछ ।

९. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षः | दोस्रो पक्षः |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको नामः | संस्थाको नामः* |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः* |

* लागु हुने खण्डमा

अनुसूची-

प्राविधिक प्रस्तावको ढाँचा

**Cover Page**

**Livestock Development Project Description**

Duration of Project:

Date of Submission:

Location of Project:

| **Project Title** | |
|---|---|
| | |
| **Project Co-ordinator** | |
| **Address** | |
| **Telephone** | |
| **Fax** | |
| **E-mail** | |
| **Collaborator[s]** | |

सचिव

| |
|---|
| **Project Summary** |
| |
| **Project Location** |
| |
| **Starting and Ending Dates** |
| |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश

सचिव

## Log Frame of the Project

| Narrative Summary | Objectively verifiable indicator (OVI) | Means of Verification (MOV) | Risks/Assumptions |
|---|---|---|---|
| **Goal:** | | | |
| **Purpose:** | | | |
| **Objectives:** | | | |
| **Activities:**<br><br>1.<br>1.1<br>1.2<br><br>2.<br><br>2.1<br><br>2.1<br><br>3.<br><br>3.1<br>3.2 | FINANCIAL SUMMARY<br><br>Operational Budget<br><br>Overhead @ 10%<br><br>Contingency @5%<br><br>**Total** | | |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

## Section B PROJECT INTRODUCTION AND PURPOSE

| Project purpose |
|---|
| |

| Problem to be addressed |
|---|
| |

| What will the project contribute to resolving those problems and over what timescale? |
|---|
| |

| Who are the target groups? |
|---|
| |

| Who will the beneficiaries be? |
|---|
| |

| What are the proposed promotion pathways for the uptake of the project outputs by the intended beneficiaries? |
|---|
| |

## SECTION C: SCIENTIFIC BACKGROUND

| What work has previously and is currently being done towards the purpose, outputs and activities of the project? |
|---|
| |

## SECTION D: OUTPUTS AND ACTIVITIES

| What are the project's intended outputs? |
|---|
| |

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

**What are the objectively verifiable indicators for the outputs?**

**What are the means of verification for the outputs?**

**What are the expected environmental impacts? [beneficial, harmful, neutral]**

**Describe the project activities**

**What factors could prevent the attainment of the planned activities?**

**Attach milestones for the life of the project**

**References:**

**Calendar of operation:**

| Activity No | Year | | |
|---|---|---|---|
| | 1st Quarter | 2nd Quarter | 3rd Quarter |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

सचिव

| What are the objectively verifiable indicators for the outputs? |
|---|
| |
| **What are the means of verification for the outputs?** |
| |
| **What are the expected environmental impacts? [beneficial, harmful, neutral]** |
| |
| **Describe the project activities** |
| |
| **What factors could prevent the attainment of the planned activities?** |
| |
| **Attach milestones for the life of the project** |
| |

**References:**

**Calendar of operation:**

| Activity No | Year | | |
|---|---|---|---|
| | 1st Quarter | 2nd Quarter | 3rd Quarter |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

सचिव

## अनुसूचि ८

## प्राविधिक प्रस्ताव मुल्याङ्कनका आधारहरु

| क.स. | मुल्याङ्कनका आधारहरु | अंक | कैफियत |
|---|---|---|---|
| १ | अनुसन्धान रणनीति | ३० | |
| | • संभाव्यता (feasibility) | १५ | |
| | • समय रेखा (timeline) | ५ | |
| | • अनुसन्धान पद्धती (methodology) | १० | |
| २ | अनुसन्धानको प्रभाव (impact) | १५ | |
| | • उल्लेख्य प्रभाव | १५ | |
| | • मध्यम प्रभाव | १० | |
| | • कम प्रभाव | ५ | |
| ३ | औचित्य (justification) | १० | |
| | • अनुसन्धानको खोजहरुले पशु पालन र विकासमा कति सुधार ल्याउन सक्छ | | |
| | ○ धेरै | १० | |
| | ○ मध्यम | ७ | |
| | ○ कम | २ | |
| ४ | अनुसन्धान टोली | १५ | |
| | • टोलीको शैक्षिक योग्यता (Qualification) | ५ | |
| | • टोलीका सदस्यहरुको अनुसन्धानमा रहेको अनुभव (experience) | ५ | |
| | • अनुसन्धान संग टोलीको अपयुक्तता ( appropriate collaborators and researchers) | ५ | |
| | जम्मा अंक | ७० | |

सचिव

अनुसूची ९
आर्थिक प्रस्ताव मुल्याङ्कनका आधारहरु

| क्र.स. | मुल्याङ्कनका आधारहरु | अंक | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक औचित्य (financial justification) | ३० | |
| | • खर्चको सान्दर्भिकता (relevance of the expenses) | १५ | |
| | • खर्च समय रेखा (timeline o expenses) | १० | |
| | • कन्टिन्जेन्सी तथा अन्य खर्चहरु (contingencies and other expenses) | ५ | |
| | जम्मा अंक | ३० | |

सचिव